## लागुऔषध नियन्त्रण सम्बन्धी कार्ययोजना, २०८१/०८२

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

# जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम)

## फागुन, २०८१

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

# लागुऔषध नियन्त्रण सम्बन्धी कार्ययोजना, (आ.व. २०८१/०८२)

## १. पृष्ठभूमि

लागुऔषध कारोबार विश्वव्यापी साझा समस्याको रुपमा रहेको छ । पछिल्लो समयमा नेपालमा पनि लागु पदार्थको अवैध ओसारपसार एवं कारोवार जटिल समस्याको रुपमा देखा परेको छ । विश्वमा लागु पदार्थको अवैध ओसारपसार एवं कारोबारलाई हातहतियार कारोबार पछिको दोस्रो ठूलो अपराधको रुपमा लिइन्छ । देशको अमूल्य जनशक्ति युवा पिढी लागुऔषध दुर्व्यसनमा फसेमा भविष्यमा देशको उन्नति, प्रगति एवं समृद्धिमा असर पर्ने कुरालाई नकार्न सकिंदैन । त्यसैले लागुऔषधको दुर्व्यसन एवं ओसार-पसार गर्ने कार्यलाई समयमा नै नियन्त्रण गर्नु अपरिहार्य छ । यसको अवैध रोकथाम एवं नियन्त्रण गर्न कानून कार्यान्वयन गर्ने निकायहरु क्रियाशील रहे पनि अन्तराष्ट्रिय रुपमा संगठित र सक्रिय गिरोहहरुको सञ्जालले गर्दा यसको ओसार-पसार र प्रयोगलाई नियन्त्रण गर्ने कार्य थप चुनौतिपूर्ण हुँदै गइरहेको छ । नेपाल मुख्यतः लागूपदार्थ उत्पादन र ओसारपसार हुने प्रमुख केन्द्रबिन्दु "गोल्डेन ट्रयांङ्गल र गोल्डेन क्रिसेन्ट" को नजिक पर्ने हुँदा नेपालको भूमिलाई लागु पदार्थ ओसार-पसार गर्ने सहज बाटो र गाँजा तथा गाँजाजन्य अन्य लागुऔषध उत्पादन स्थलको रुपमा प्रयोग गर्ने गरेको पाइन्छ ।

लागुऔषधको अवैध कारोबार तथा दुर्व्यसनको बढ्दो समस्यालाई दृष्टिगत गरी यसको नियन्त्रण र न्यूनीकरणको लागी गृह मन्त्रालयबाट जारी लागुऔषध नियन्त्रण कार्ययोजना, २०७५ को मार्गदर्शनमा रही जिल्लास्थित सुरक्षा निकाय, स्थानीय तहलगायत अन्य सामाजिक संघ-संस्था, सरोकारवाला निकायहरुसँग हातेमालो गरी यस्तो अपराध तथा यसको प्रयोग र दुर्व्यसनबाट उत्पन्न हुने सामाजिक विकृति र विसंगतिलाई नियन्त्रण गरी स्वच्छ, सभ्य, सदाचारी र अपराधमुक्त समाज बनाउने यो कार्ययोजना तयार गरिएको छ ।

## २. विद्यमान अवस्था

नेपालमा वि. सं. २०६३ सालमा गरिएको सर्वेक्षणमा लागुऔषध प्रयोगकर्ताहरुको संख्या ४६,३०९ थियो भने २०६९ सालको सर्वेक्षणमा यो संख्या ९१,५३४ पुगेको थियो । उक्त सर्वेक्षण नतिजा अनुसार औषत वार्षिक ११.३६ प्रतिशतको दरले लागुऔषध प्रयोगकर्ताहरुको संख्यामा वृद्धि हुने गरेको देखिन्छ । वि.सं. २०७६ सालमा गरिएको सर्वेक्षणको नतिजा अनुसार नेपालमा कुल लागुऔषध प्रयोगकर्ताहरुको संख्या १,३०,४२४ पुगेको तथा वार्षिक ५.०६ प्रतिशतको दरले प्रयोगकर्ताहरुको संख्यामा वृद्धि भएको देखाएको छ । प्रयोगकर्ताहरु मध्ये पुरुष १,२१,६९२ (९३.३ प्रतिशत) र महिला ८,७३२ (६.७ प्रतिशत) रहेका छन् । त्यसै गरी ५१.१ प्रतिशत प्रयोगकर्ताहरुले एकान्त स्थानमा (५१.९ प्रतिशत पुरुष र ४९.१ प्रतिशत महिला) लागुऔषध प्रयोग गर्ने गरेको देखिन्छ । त्यसैगरी ४० प्रतिशत प्रयोगकर्ताहरु कुनै पनि पेशामा आवद्ध नरहेको तथ्याङ्कले देखाएको छ । लागुऔषध प्रयोगकर्ता महिलाहरुको सबैभन्दा ठूलो अनुपात (७१.७ प्रतिशत) बेरोजगार रहेको देखिन्छ जुन तुलनात्मक रुपमा पुरुष प्रयोगकर्ता (३८.० प्रतिशत) को तुलनामा धेरै रहेको देखिन्छ ।

कुल लागुऔषध प्रयोगकर्ताहरु मध्ये युवापुस्ताको संख्या धेरै रहेको देखिन्छ । वि.सं. २०७६ को सर्वेक्षणको नतिजा अनुसार अधिकांश लागुऔषध प्रयोगकर्ताहरूले उनीहरु बीसवर्ष भन्दा कम उमेरमा नै पहिलोपटक लागुऔषधको सेवन शुरु गरेको देखिन्छ । बीस वर्ष भन्दा कम उमेरमा गाँजाजन्य लागू औषध सेवन गर्ने प्रयोगकर्ताहरु ८८.० प्रतिशत, अफिमजन्य पदार्थ सेवन गर्नेहरु ६३.४ प्रतिशत, आनन्ददायी पदार्थ सेवन गर्नेहरु ५२.२ प्रतिशत,



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

सुँघ्ने पदार्थ सेवन गर्नेहरु ९२.३ प्रतिशत, भ्रमात्मक पदार्थ सेवन गर्नेहरु २३.८ प्रतिशत र उत्तेजनात्मक पदार्थ सेवन गर्नेहरु ४५.८ प्रतिशत रहेको देखिन्छ।

रुकुम (पश्चिम) जिल्लाको भौगोलिक बनोट, अन्य जिल्लासँग जोडिएको सीमा-नाकाको अवस्थिति, जनताको छिटो धनी हुने अपेक्षा, कृषि बालीनालीभन्दा लागुऔषधजन्य उत्पादनले बढी नाफा दिने भ्रम लगायतका कारणले यस जिल्लामा लागुऔषधजन्य पदार्थहरुको उत्पादन र ओसार-पसारको उच्च जोखिम रहेको छ। यस जिल्लामा लागू औषधजन्य पदार्थहरु (गाँजा, चरेस, अफिम आदि) को खेती, उत्पादन, प्रशोधन तथा ओसारपसार फाट्टफुट्ट हुने गरेको देखिन्छ। यस जिल्लामा लागुऔषध अपराध दर्ताको विगतका वर्षहरुको तथ्याङ्क हेर्दा आ. व.०७५।०७६ मा ८ बटा मुद्दा दर्ता भएको, आ. व.०७६।०७७ मा ९ बटा मुद्दा दर्ता भएको, आ. व.०७७।०७८ मा ४ वटा मुद्दा दर्ता भएको, आ. व.०७८।७९ मा २ वटा मुद्दा दर्ता भएको, आ.व.०७९।०८० र आ. व. २०८०/०८१ मा कुनै मुद्दा दर्ता नभएतापनि चालु आ. व. २०८१/०८२ को हालसम्म २वटा मुद्दा दर्ता भएको तथा त्यसमा संलग्न कुल ४२ जना पक्राउ परेको र ७ जना फरार रहेको देखिन्छ, साथै यस क्रममा ६७ के. जी. ८२५ ग्राम अफिम, ३८ के. जी. ८४० ग्राम चरेश, २६ के. जी. २८१ ग्राम गाँजा, ७ वटा Nitravet ट्याबलेट, १०९४ वटा Tramadol ट्याबलेट, ११० वटा Kofib-D र Spasmos pon १२ वटा बरामद गरी नष्ट भएको देखिन्छ। जिल्ला प्रहरी कार्यालय रुकुम (पश्चिम) को आयोजनामा सञ्चालन गरिएको अवैध गाँजा/अफिम फडानी कार्यक्रम अन्तरगत सुरक्षाकर्मी तथा सरोकारवाला निकायको अग्रसरतामा जिल्लाको विभिन्न स्थानमा क्रमश आ. व. २०७६/०७७ मा १० बिगाहा, आ. व. २०७७/०७८ मा १८ बिगाहा ७ रोपनी, आ. व. २०७८/०७९ मा ७ बिगाहा, आ. व. २०७९/०८० मा १५० रोपनी र आ. व. २०८०/०८१ मा २४० रोपनी क्षेत्रफलको खाली जमिनमा आफै उम्रेका र खेतीपाती गरिएका गाँजा/अफिम फडानी गरी नष्ट गरिएको थियो भने अगामी दिनमा पनि यस्ता कार्यहरुको निरन्तरता भएमा लागुऔषधजन्य पदार्थहरुको नियन्त्रण तथा रोकथाममा टेवा पुग्ने देखिन्छ।

## ३. कार्ययोजनाको लक्ष्य

यस जिल्लामा हुन सक्ने लागुऔषधको अवैध उत्पादन, कारोबार तथा उपयोगलाई पूर्ण रुपमा नियन्त्रण गरी समाजलाई सभ्य, मर्यादित र सुरक्षित बनाउने रहेको छ।

## ४. कार्ययोजनाको उद्देश्य

- लागुपदार्थको खेती नष्ट गर्ने तथा लागुपदार्थको उत्पादन, संचय र भण्डारण हुन नदिने।
- लागुपदार्थको ओसार-पसार र बिक्री वितरणमा नियन्त्रण गर्ने।
- विभिन्न समूहलाई लक्षित गरी जनचेतनामूलक कार्यक्रम तथा भण्डाफोर अभियान संचालन गर्ने।
- अनुगमन तथा चेकजाँचलाई प्रभावकारी बनाई सेवनकर्ताहरूको पहिचान तथा नियन्त्रण गरी उचित व्यवस्थापन, उपचार र पुनःस्थापनाको व्यवस्था मिलाउने।
- सरकारी निकायहरु, स्थानीय तह, गैरसरकारी तथा सामाजिक संघसंस्था लगायत लागुऔषध नियन्त्रणमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा क्रियाशील विभिन्न निकायहरुबीच निरन्तर समन्वय, सहकार्य तथा साझेदारी गर्ने।

प्रमुख जिल्ला अधिकारी

## ५. लक्षित सूमह

- विद्यार्थीहरु
- अविभावकहरु, समुदायहरु, कार्यस्थलहरु
- विभिन्न सरकारी एवं गैरसरकारी संघसंस्थाहरु (आमा समूह, युवा समूह, पुनर्स्थापना केन्द्र)
- दुर्व्यसनीहरु
- अवैध कारोवारमा संलग्न व्यक्ति, समूह र सञ्जाल
- संचार माध्यमहरु

## ६. कार्ययोजना कार्यान्वयनको लागि आवश्यक आर्थिक स्रोत व्यवस्थापन

- जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) मा आ. व. २०८१/०८२ मा लागुऔषध नियन्त्रण सम्बन्धी तीन महिने अभियान कार्यक्रम संचालनको लागि विनियोजित बजेट।
- सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम) मा आ. व. २०८१/०८२ मा लागुऔषध दुर्व्यसनी विरुद्ध विद्यालय तथा समुदायस्तर शिक्षा कार्यक्रम खर्च शिर्षकमा विनियोजित बजेट।

प्रमुख जिल्ला अधिकारी

७. कार्ययोजना

| क्र. सं. | कार्यक्रम तथा क्रियाकलापहरू | अनुगमन सूचक | जिम्मेवार निकाय | अनुगमन गर्ने निकाय | समयसीमा | कै. |
|---|---|---|---|---|---|---|
| **१. समन्वय तथा सहजीकरण गर्ने।** | | | | | | |
| १.१ | लागुऔषध नियन्त्रण सम्बन्धमा सरोकारवालाको वैठक गर्ने। | बैठक संख्या | जिल्ला प्रशासन कार्यालय | - | ३ महिने कार्यक्रमको अवधिमा २ पटक | |
| १.२ | लागुऔषध नियन्त्रणका लागि स्थानीय तहमा संयन्त्र गठन गरी क्रियाशिल बनाउने। | संयन्त्रको गठन एवं क्रियाशीलता | सम्बन्धित स्थानीय तह र सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम) | जिल्ला प्रशासन कार्यालय | ३ महिने कार्यक्रमको अवधिको शुरु २ महिनाभित्रमा सबै स्थानीय तहहरूमा | |
| १.३ | लागुऔषधको अवैध कारोबार तथा निकासी नियन्त्रणका लागि अन्तर जिल्ला समन्वय गर्ने। | समन्वयको अवस्था र उपलब्धि | जिल्ला प्रशासन कार्यालय तथा जिल्ला सुरक्षा निकायहरू | | ३ महिने कार्यक्रमको अवधिमा ३ पटक | |
| १.४ | गृह मन्त्रालयद्वारा जारी लागुऔषधको नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन, २०७६ अनुरुप सबै पालिकाहरुलाई लागुऔषध नियन्त्रण कार्यक्रमको कार्यढाँचा तर्जुमा, बजेट व्यवस्था र कार्यान्वयनमा सहजीकरण गर्ने। | समन्वयको अवस्था र उपलब्धि | जिल्ला प्रशासन कार्यालय | | निरन्तर | |
| १.५ | लागुऔषध नियन्त्रणका कार्यक्रम संचालनका लागि स्थानीय तह लगायत सरोकारवालाहरूबीच समन्वय तथा सहजीकरण गर्ने। | समन्वयको अवस्था र उपलब्धि | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| **२. लागुऔषधको खेती र उत्पादन नियन्त्रण गर्ने।** | | | | | | |
| २.१ | लागुऔषध (गाँजा, अफिम, आदि) खेती हुनसक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरि उत्पादनको प्रारम्भिक बिन्दुमा नै खेती नष्ट गर्ने। | नष्ट गरेको क्षेत्रफल तथा परिमाण | जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपालका जिल्लास्थित ईकाइहरू | जिल्ला प्रशासन कार्यालय | निरन्तर | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम)

प्रमुख जिल्ला अधिकारी

| क्र. सं. | कार्यक्रम तथा क्रियाकलापहरू | अनुगमन सूचक | जिम्मेवार निकाय | अनुगमन गर्ने निकाय | समयसीमा | कै. |
|---|---|---|---|---|---|---|
| २.२ | लागुऔषध (गाँजा, अफिम, आदि) को उत्पादन तथा प्रशोधन हुनसक्ने स्थानहरूको पहिचान गरि आपूर्तिको प्रारम्भिक बिन्दुमा बरामद तथा नष्ट गर्ने। | नष्ट वा बरामद गरेको परिमाण, प्रशोधन औजार तथा रसायन र लागुऔषधको किसिम | जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपालका जिल्लास्थित ईकाइहरू | जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| **३. लागुऔषध ओसारपसार, सञ्चय र भण्डारण तथा खरिद विक्रिमा नियन्त्रण गर्ने।** | | | | | | |
| ३.१ | लागुऔषधको ओसार-पसार गर्ने व्यक्ति, समूह तथा क्षेत्र र जिल्ला सीमानाका तथा स्थानहरूको पहिचान गरी निरन्तर निगरानी गरी औषधिजन्य तथा अन्य लागुऔषधको ओसार-पसार तथा आपूर्तिलाई नियन्त्रण गर्न सम्पूर्ण प्रहरी ईकाईहरू एकसाथ एकीकृत रुपमा परिचालन गर्ने। | बरामद गरेको परिमाण, पक्राउ तथा कारबाहीको विवरण | जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपालका जिल्लास्थित ईकाइहरू | जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| ३.२ | लागुऔषधको ओसार-पसार तथा कारोबार गर्ने व्यक्ति, समूह तथा दुर्व्यसनीहरुको Link Chart तयार गरी सोबाट बिक्री बितरण गर्ने व्यक्ति, समूह, स्थान तथा औषधिजन्य लागुऔषधको अवैध कारोबार गर्ने औषधी पसलहरूको पहिचान गरी कारबाही गर्ने। | बरामद गरेको परिमाण, पक्राउ तथा कारबाहीको सङ्ख्यात्मक विवरण | स्वास्थ्य सेवा कार्यालय, रुकुम (पश्चिम) समेतको सहयोगमा जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपालका जिल्लास्थित ईकाइहरू | जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| **४. लागुऔषधको दुर्व्यसन नियन्त्रण गर्ने।** | | | | | | |
| ४.१ | लागुऔषध दुर्व्यसनीमा फसेका व्यक्ति तथा समूहहरुको पहिचान गरी उनीहरुप्रति लक्षित समूहगत परामर्श कक्षा तथा सेवा सञ्चालन गर्ने। | परामर्श सेवा सञ्चालन सङ्ख्या र सहभागी सङ्ख्या | स्वास्थ्य सेवा कार्यालय, रुकुम (पश्चिम) समेतको सहयोगमा जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपालका जिल्लास्थित ईकाइहरू | जिल्ला प्रशासन कार्यालय | महिनामा एक पटक र आवश्यकताअनुसार थप | |

प्रमुख जिल्ला अधिकारी

| क्र. सं. | कार्यक्रम तथा क्रियाकलापहरू | अनुगमन सूचक | जिम्मेवार निकाय | अनुगमन गर्ने निकाय | समयसीमा | कै. |
|---|---|---|---|---|---|---|
| ४.२ | समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत विद्यालय तथा कलेजस्तरमा चेतनामूलक कक्षा सञ्चालन गर्ने। | कक्षा सञ्चालन सङ्ख्या र सहभागी सङ्ख्या | सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम), सम्बन्धित स्थानीय तह र जिल्ला प्रहरी र मातहतका ईकाइहरू | जिल्ला प्रशासन कार्यालय | महिनामा एक पटक र आवश्यकताअनुसार थप | |
| ४.३ | लागूऔषध दुर्व्यसनीमा फसेका व्यक्ति तथा समूहहरुको पहिचान गरी उनीहरुका गतिविधिहरू उपर निगरानी राख्ने र दुर्व्यसनीहरुको सर्वोत्तम हितलाई ध्यानमा राखी अभिभावकहरूको परामर्शमा नजिकको पुनर्स्थापना केन्द्रमा पठाउने व्यवस्था मिलाउने। | पुनर्स्थापना केन्द्रमा पठाईएको सञ्चालन सङ्ख्या | जिल्ला प्रहरी र मातहतका ईकाइहरू | जिल्ला प्रशासन कार्यालय र सम्बन्धित स्थानीय तह | निरन्तर | |
| **५. लागुऔषध विरुद्ध जोखिम पर्न सक्ने तथा अन्य सरोकारवाला सबैका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।** | | | | | | |
| **५.१ विद्यालय तथा क्याम्पसमा आधारित सचेतना र जागरणमूलक कार्यक्रम सञ्चालन गर्ने।** | | | | | | |
| ५.१.१ | विद्यालय तथा क्याम्पस स्तरीय वक्तृत्वकला, हाजिरी जवाफ, खेलकुद, चित्रकला जस्ता लागुऔषध सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | उपस्थित विद्यार्थी सङ्ख्या | सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम) र शिक्षा विकास तथा समन्वय ईकाइ, रुकुम (पश्चिम) | जिल्ला प्रशासन कार्यालय | ३ महिने कार्यक्रमको अवधिमा २ पटक | |
| ५.१.२ | विद्यार्थी, अभिभावक, व्यवस्थापन समितिलाई एकीकृत गरी लागुऔषध सम्बन्धी जनजागरण कार्यक्रम संचालन गर्ने। | उपस्थित विद्यार्थी र अन्य व्यक्तिहरू | सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम), सम्बन्धित स्थानीय तह र जिल्ला प्रहरी र मातहतका ईकाइहरू | जिल्ला प्रशासन कार्यालय | कार्ययोजना कार्यान्वयनको अवधिमा | |
| **५.२ प्रत्येक वडामा जनजागरण कार्यक्रम सञ्चालन गर्ने।** | | | | | | |
| ५.२.१ | व्यानर, पम्प्लेट, पोष्टर तथा होडिङ बोर्डहरु वडाका सार्वजनिक स्थानहरूमा टाँस गर्ने। | सार्वजनिक स्थानहरू उल्लेख गर्ने | सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम) र सम्बन्धित स्थानीय तह | जिल्ला प्रशासन कार्यालय | मासिकरुपमा एक पटक | |

प्रमुख जिल्ला अधिकारी

| क्र. सं. | कार्यक्रम तथा क्रियाकलापहरू | अनुगमन सूचक | जिम्मेवार निकाय | अनुगमन गर्ने निकाय | समयसीमा | कै. |
|---|---|---|---|---|---|---|
| ५.२.२ | प्रत्येक स्थानीय तहमा सामुदायिक भेला गरी लागुऔषध सम्बन्धी जनजागरण तथा र्‍याली सञ्चालन गर्ने। | सहभागी सङ्ख्या र समय अवधि | सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम), सम्बन्धित स्थानीय तह र जिल्ला प्रहरी र मातहतका ईकाइहरू | जिल्ला प्रशासन कार्यालय | ३ महिनाभित्र | |
| **५.३ जनचेतनामूलक सडक नाटक प्रदर्शन गर्ने।** | | | | | | |
| ५.३.१ | जिल्लाका विभिन्न स्थानहरु (बजार इलाका) मा जनचेतनामुलक सडक नाटक प्रदर्शन गर्ने। | प्रदर्शन भएको सङ्ख्या र सहभागी सङ्ख्या | सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम) र राष्ट्री साहित्य परिषद, जिल्ला शाखा, रुकुम (पश्चिम) | जिल्ला प्रशासन कार्यालय | ३ महिने कार्यक्रमको अवधिमा जिल्लाका विभिन्न ६ स्थानहरूमा | |
| **६. आमसञ्चारका माध्यममार्फत लागुऔषध विरुद्ध अभियान संचालन गर्ने।** | | | | | | |
| ६.१ | लागुऔषध विरुद्ध जनचेतना जगाउन आम सञ्चारकर्मीहरूलाई अभिमुखीकरण गर्ने। | अभिमुखीकरण र सहभागी सङ्ख्या | जिल्ला प्रशासन कार्यालय | | ३ महिने कार्यक्रम सञ्चालनको पहिलो महिनाभित्र | |
| ६.२ | स्थानीय FM तथा पत्रपत्रिका र अनलाइन पत्रिका मार्फत प्रसारण र प्रकाशन गर्ने। | प्रसारण र प्रकाशनको सङ्ख्या तथा किसिम | जिल्ला प्रशासन कार्यालय | | ३ महिनासम्म निरन्तर | |
| **७. अनुगमन मूल्याङ्कन** | | | | | | |
| ७.१ | कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने। | उपलब्धिको अवस्था | जिल्ला प्रशासन कार्यालय | | निरन्तर | |

प्रमुख जिल्ला अधिकारी

८. कार्ययोजना कार्यान्वयनको समय तालिका

| क्र. स. | कार्यक्रम | स्थान | मिति | सहभागीहरु | जिम्मेवार निकाय | मुख्य जिम्मेवारी | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | कार्ययोजनाको क्र. स. १.१ मा उल्लिखित कार्यक्रमको लागि | जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) | २०८१ फागुन १ गते<br>२०८२ वैशाख मसान्त | जिल्लास्थित स्थानीय तहका प्रमुख र प्रमुख प्रशासकिय अधिकृतहरू, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, सरोकारवाला निकायका कार्यालय प्रमुखहरू, उद्योग वाणिज्य संघको जिल्लास्थित प्रमुख/प्रतिनिधि, पत्रकार महासंघको अध्यक्ष/प्रतिनिधि समेतका पत्रकारहरू, सरोकारवाला संघ संस्थाका प्रमुख/प्रतिनिधि | जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) | कार्यक्रम सुरुवात र समापन गर्ने । | |
| २ | कार्ययोजनाको क्र. स. १.२ मा उल्लिखित कार्यक्रमको लागि | सम्बन्धित स्थानीय तह | २०८१ फागुन १ गते देखि २०८१ चैत्र मसान्तसम्म | सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्ष/उप-प्रमुख/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, स्थानीय प्रहरी, विद्यालयका प्रधानाध्यापक/शिक्षक/विद्यार्थीहरू, स्वास्थ्य चौकीका प्रमुख/प्रतिनिधि, स्थानीय राजनैतिक दलका प्रमुख/प्रतिनिधिहरू, स्थानीय पत्रकार, बुद्धिजीवी र स्थानीयबासीहरू | सम्बन्धित स्थानीय तह र सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम) | स्थानीय तहमा संयन्त्र गठन भए पश्चात सम्बन्धित स्थानीय तहबाट जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउने । संयन्त्रलाई प्रभावकारी रुपमा परिचालन गर्ने । वडा र टोलमा संयन्त्र गठन गरी परिचालन गर्ने । | |



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम)

प्रमुख जिल्ला अधिकारी

| क्र. स. | कार्यक्रम | स्थान | मिति | सहभागीहरु | जिम्मेवार निकाय | मुख्य जिम्मेवारी | कै. |
|---|---|---|---|---|---|---|---|
| ३ | कार्ययोजनाको क्र. स. १.३ मा उल्लिखित कार्यक्रमको लागि | आवश्यकता अनुसार | २०८१ फागुन महिनाभित्र | सम्बन्धित जिल्ला सुरक्षा समितिका पदाधिकारी लगायतका सरोकारवालाहरू | जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) | अन्तरजिल्ला समन्वय मार्फत लागुऔषध नियन्त्रणमा प्रभावकारिता वृद्धि गर्ने । | |
| | | आवश्यकता अनुसार | २०८१ चैत्र महिनाभित्र | सम्बन्धित जिल्ला सुरक्षा समितिका पदाधिकारी लगायतका सरोकारवालाहरू | जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) | | |
| | | आवश्यकता अनुसार | २०८२ वैशाख महिनाभित्र | सम्बन्धित जिल्ला सुरक्षा समितिका पदाधिकारी लगायतका सरोकारवालाहरू | जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) | | |
| ४ | कार्ययोजनाको क्र. स. १.४ मा उल्लिखित कार्यक्रमको लागि | जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) तथा सम्बन्धित स्थानीय तह | ३ महिने कार्यक्रमको अवधिभर | प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित स्थानीय तहका प्रमुख र प्रमुख प्रशासकिय अधिकृतहरू | जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) | समन्वय स्थापित गर्ने । | |
| ५ | कार्ययोजनाको क्र. स. १.५ मा उल्लिखित कार्यक्रमको लागि | सम्बन्धित स्थानीय तह तथा जिल्ला प्रहरी कार्यालय, रुकुम (पश्चिम) | ३ महिने कार्यक्रमको अवधिभर | जिल्ला प्रहरी प्रमुख, जिल्लास्थित स्थानीय तहका प्रमुख र प्रमुख प्रशासकिय अधिकृतहरू | जिल्ला प्रहरी कार्यालय, रुकुम (पश्चिम) | समन्वय स्थापित गर्ने । | |
| ६ | कार्ययोजनाको क्र. स. २.१ मा उल्लिखित कार्यक्रमको लागि | उत्पादन हुनसक्ने सम्भावित क्षेत्रहरु | ३ महिने कार्यक्रमको अवधिभर | जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपालका जिल्लास्थित ईकाइहरू | जिल्ला प्रहरी कार्यालय, रुकुम (पश्चिम) र सशस्त्र प्रहरी बल नं. ४७ गुल्म, रुकुम (पश्चिम) | नष्ट गरेको क्षेत्रफल तथा परिमाणको विवरण जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) पठाउने व्यवस्था मिलाउने । | |

प्रमुख जिल्ला अधिकारी

| क्र. स. | कार्यक्रम | स्थान | मिति | सहभागीहरु | जिम्मेवार निकाय | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| ७ | कार्ययोजनाको क्र. स. २.२ मा उल्लिखित कार्यक्रमको लागि | उत्पादन तथा प्रशोधन हुनसक्ने सम्भावित क्षेत्रहरू | ३ महिने कार्यक्रमको अवधिभर | जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपालका जिल्लास्थित ईकाइहरू | जिल्ला प्रहरी कार्यालय, रुकुम (पश्चिम) र सशस्त्र प्रहरी बल नं. ४७ गुल्म, रुकुम (पश्चिम) | नष्ट वा बरामद गरेको परिमाण, प्रशोधन औजार तथा रसायन र लागू औषधको किसिमको विवरण जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) पठाउने व्यवस्था मिलाउने। |
| ८ | कार्ययोजनाको क्र. स. ३.१ मा उल्लिखित कार्यक्रमको लागि | ओसार-पसार हुनसक्ने सम्भावित क्षेत्रहरु | ३ महिने कार्यक्रमको अवधिभर | जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपालका जिल्लास्थित ईकाइहरू | जिल्ला प्रहरी कार्यालय, रुकुम (पश्चिम) र सशस्त्र प्रहरी बल नं. ४७ गुल्म, रुकुम (पश्चिम) | बरामद गरेको परिमाण, पक्राउ तथा कारबाहीको विवरण जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) पठाउने व्यवस्था मिलाउने। |
| ९ | कार्ययोजनाको क्र. स. ३.२ मा उल्लिखित कार्यक्रमको लागि | कारोबार हुनसक्ने सम्भावित औषधि पसलहरु | ३ महिने कार्यक्रमको अवधिभर | स्वास्थ्य सेवा कार्यालय, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपालका जिल्लास्थित ईकाइहरू | स्वास्थ्य सेवा कार्यालय, रुकुम (पश्चिम), जिल्ला प्रहरी कार्यालय रुकुम (पश्चिम) र सशस्त्र प्रहरी बल नं. ४७ गुल्म, रुकुम (पश्चिम) | बरामद गरेको परिमाण, पक्राउ तथा कारबाहीको विवरण जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) पठाउने व्यवस्था मिलाउने। |

प्रमुख जिल्ला अधिकारी

| क्र. स. | कार्यक्रम | स्थान | मिति | सहभागीहरु | जिम्मेवार निकाय | मुख्य जिम्मेवारी | कै. |
|---|---|---|---|---|---|---|---|
| १० | कार्ययोजनाको क्र. स. ४.१ मा उल्लिखित कार्यक्रमको लागि | जिल्ला प्रहरी कार्यालय र मातहतका इकाइहरू | ३ महिने कार्यक्रमको अवधिभर | लागुऔषध दुर्व्यसनीमा फसेका व्यक्ति तथा समूहहरू | जिल्ला प्रहरी कार्यालय, रुकुम (पश्चिम), स्वास्थ्य सेवा कार्यालय, रुकुम (पश्चिम), स्थानीय तहका स्वास्थ्य शाखाहरू | परामर्श सेवा सञ्चालनको विवरण जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) पठाउने व्यवस्था मिलाउने । | |
| ११ | कार्ययोजनाको क्र. स. ४.२ मा उल्लिखित कार्यक्रमको लागि | सम्बन्धित विद्यालय र कलेजहरू | ३ महिने कार्यक्रमको अवधिभर | विद्यालय र कलेजका शिक्षक/प्रध्यापक र अध्ययनरत विद्यार्थीहरू | सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम), सम्बन्धित स्थानीय तह र जिल्ला प्रहरी र मातहतका ईकाइहरू | कक्षा सञ्चालनको विवरण जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) पठाउने व्यवस्था मिलाउने । | |
| १२ | कार्ययोजनाको क्र. स. ४.३ मा उल्लिखित कार्यक्रमको लागि | जिल्ला प्रहरी कार्यालय र मातहतका इकाइहरू | ३ महिने कार्यक्रमको अवधिभर | लागुऔषध दुर्व्यसनीमा फसेका व्यक्ति तथा समूहहरू र अभिभावकहरू | जिल्ला प्रहरी कार्यालय, रुकुम (पश्चिम) | पुनर्स्थापना केन्द्रहरुमा पठाइएको विवरण जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) पठाउने व्यवस्था मिलाउने । | |
| १३ | कार्ययोजनाको क्र. स. ५.१.१ मा उल्लिखित कार्यक्रमको लागि | मुसिकोट नगरपालिका | २०८१ फागुन महिनाभित्र | मुसिकोट, बाँफिकोट र त्रिवेणी अन्तर्गतका माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरु | सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम) र शिक्षा विकास तथा समन्वय ईकाइ, रुकुम (पश्चिम) | कार्यक्रम सञ्चालनको विवरण जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) पठाउने व्यवस्था मिलाउने । | |
| | | सानीभेरी गाउँपालिका | २०८१ चैत्र महिनाभित्र | आठविसकोट, सानीभेरी र चौरजहारी अन्तर्गतका माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरु | | | |

प्रमुख जिल्ला अधिकारी

| क्र. स. | कार्यक्रम | स्थान | मिति | सहभागीहरु | जिम्मेवार निकाय | मुख्य जिम्मेवारी | कै. |
|---|---|---|---|---|---|---|---|
| १४ | कार्ययोजनाको क्र. स. ५.१.२ मा उल्लिखित कार्यक्रमको लागि | सम्बन्धित विद्यालयहरू | ३ महिने कार्यक्रमको अवधिभर | विद्यार्थी, अभिभावक, व्यवस्थापन समितिका पदाधिकारी/सदस्यहरू | सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम), सम्बन्धित स्थानीय तह र जिल्ला प्रहरी र मातहतका ईकाइहरू | कार्यक्रम सञ्चालनको विवरण जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) पठाउने व्यवस्था मिलाउने। | |
| १५ | कार्ययोजनाको क्र. स. ५.२.१ मा उल्लिखित कार्यक्रमको लागि | सम्बन्धित स्थानीयत तहका सार्वजनिक स्थानहरू | ३ महिने कार्यक्रमको अवधिभर | स्थानीय तहमा गठित संयन्त्रका पदाधिकारी तथा सदस्यहरू, स्थानीयवासीहरू | सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम) र सम्बन्धित स्थानीय तह | व्यानर, पम्प्लेट, पोष्टर तथा होडिङ बोर्डहरु टाँस भएको विवरण जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) पठाउने व्यवस्था मिलाउने। | |
| १६ | कार्ययोजनाको क्र. स. ५.२.२ मा उल्लिखित कार्यक्रमको लागि | सम्बन्धित वडा | ३ महिने कार्यक्रमको अवधिभर | स्थानीय तहमा गठित संयन्त्रका पदाधिकारी तथा सदस्यहरू, स्थानीय तहका प्रमुख/अध्यक्ष/उप-प्रमुख/उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य, स्थानीय प्रहरी, विद्यालयका प्रधानाध्यापक/शिक्षक/विद्यार्थीहरू, स्वास्थ्य चौकीका प्रमुख/प्रतिनिधि, स्थानीय राजनैतिक दलका प्रमुख/प्रतिनिधिहरु, स्थानीय पत्रकार, बुद्धिजीवी र स्थानीयबासीहरू | सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम), सम्बन्धित स्थानीय तह र जिल्ला प्रहरी र मातहतका ईकाइहरू | जागरण तथा र्‍याली सञ्चालनको विवरण जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) पठाउने व्यवस्था मिलाउने। | |

प्रमुख जिल्ला अधिकारी

| क्र. स. | कार्यक्रम | स्थान | मिति | सहभागीहरू | जिम्मेवार निकाय | मुख्य जिम्मेवारी | कै. |
|---|---|---|---|---|---|---|---|
| १७ | कार्ययोजनाको क्र. स. ५.३.१ मा उल्लिखित कार्यक्रमको लागि | मुसिकोट नगरपालिकाको खलंगा, त्रिवेणी गाउँपालिकाको सिम्रुतु, सानीभेरीको सिम्ली | २०८१ फागुन मसान्तभित्र | स्थानीय तहमा गठित संयन्त्रका पदाधिकारी तथा सदस्यहरू, स्थानीय तहका प्रमुख/अध्यक्ष/उप-प्रमुख/उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य, स्थानीय प्रहरी, विद्यालयका प्रधानाध्यापक/शिक्षक/विद्यार्थीहरू, स्वास्थ्य चौकीका प्रमुख/प्रतिनिधि, स्थानीय राजनैतिक दलका प्रमुख/प्रतिनिधिहरु, स्थानीय पत्रकार, बुद्धिजीवी र स्थानीयबासीहरू | सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम) र राष्ट्री साहित्य परिषद, जिल्ला शाखा, रुकुम (पश्चिम) | सडक नाटक प्रर्दशनको विवरण जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) पठाउने व्यवस्था मिलाउने । | |
| | | बाँफिकोट गाउँपालिकाको छिन्खेत, आठविसकोट नगरपालिकाको राडी बजार | २०८१ चैत्र मसान्तभित्र | | | | |
| | | चौरजहारी नगरपालिकाको चौरजहारी | २०८२ वैशाख मसान्तभित्र | | | | |
| १८ | कार्ययोजनाको क्र. स. ६.१ मा उल्लिखित कार्यक्रमको लागि | जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) | २०८१ फागुन महिनाभित्र | आमसञ्चारकर्मीहरू | जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) | लागुऔषध नियन्त्रणको लागि प्रभावकारी रुपमा परिचालन हुने । | |
| १९ | कार्ययोजनाको क्र. स. ६.२ मा उल्लिखित कार्यक्रमको लागि | स्थानीय FM, पत्रपत्रिका र अनलाईन पत्रिकाका सम्पर्क कार्यालयहरू | २०८१ फागुन देखि २०८२ वैशाख मसान्तसम्म | | जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) | प्रसारण/प्रकाशनको विवरण जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) पठाउने व्यवस्था मिलाउने । | |

प्रमुख जिल्ला अधिकारी

| क्र. स. | कार्यक्रम | स्थान | मिति | सहभागीहरु | जिम्मेवार निकाय | मुख्य जिम्मेवारी | कै. |
|---|---|---|---|---|---|---|---|
| २० | कार्ययोजनाको क्र. स. ७.१ मा उल्लिखित कार्यक्रमको लागि | कार्यक्रमहरु सञ्चालनका स्थानहरू | ३ महिने कार्यक्रमको अवधिभर | जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) | | अनुगमन/मुल्यांकनलाई प्रभावकारी बनाउने । | |

प्रमुख जिल्ला अधिकारी

९. कार्ययोजना कार्यान्वयनको लागत अनुमान

९.१ जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) मा आ. व. २०८१/०८२ को लागि लागुऔषध नियन्त्रण सम्बन्धी ३ महिने अभियान संचालन खर्च शिर्षकमा विनियोजित बजेटबाट व्यहोरिने खर्च विवरण

| सि. नं. | कार्यक्रम | खर्च विवरण | रकम रू | परिमाण | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्ययोजनाको क्र. स. १.१ मा उल्लिखित कार्यक्रमको लागि | बैठक सञ्चालन खर्च | 5500 | 2 | 11000 | |
| २ | कार्ययोजनाको क्र. स. १.३ मा उल्लिखित कार्यक्रमको लागि | बैठक सञ्चालन खर्च | 10000 | 3 | 30000 | |
| ३ | कार्ययोजनाको क्र. स. २.१ मा उल्लिखित कार्यक्रमको लागि | कार्यक्रम सञ्चालन खर्च (इन्धन समेत) | 10000 | 4 | 40000 | |
| ४ | कार्ययोजनाको क्र. स. २.२ मा उल्लिखित कार्यक्रमको लागि | कार्यक्रम सञ्चालन खर्च (इन्धन समेत) | 5000 | 2 | 10000 | |
| ५ | कार्ययोजनाको क्र. स. ३.१ मा उल्लिखित कार्यक्रमको लागि | कार्यक्रम सञ्चालन खर्च (इन्धन समेत) | 5000 | 2 | 10000 | |
| ६ | कार्ययोजनाको क्र. स. ३.२ मा उल्लिखित कार्यक्रमको लागि | कार्यक्रम सञ्चालन खर्च | 3000 | 3 | 9000 | |
| ७ | कार्ययोजनाको क्र. स. ४.१ मा उल्लिखित कार्यक्रमको लागि | कार्यक्रम सञ्चालन खर्च | 3000 | 3 | 9000 | |
| ८ | कार्ययोजनाको क्र. स. ६.१ मा उल्लिखित कार्यक्रमको लागि | बैठक सञ्चालन खर्च | 6000 | 1 | 6000 | |
| ९ | कार्ययोजनाको क्र. स. ६.२ मा उल्लिखित कार्यक्रमको लागि | प्रकाशन/प्रसारण खर्च | 100000 | 1 | 100000 | |
| | | | | कुल जम्मा रू. | 225000 | |

पुनश्च : माथिका एक शिर्षकबाट बचत भएको रकम अर्को शिर्षकमा खर्च गर्न बाधा पर्ने छैन।

नेपाल सरकार जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम)

प्रमुख जिल्ला अधिकारी